# च्याउ तथा मौरी व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मिति २०८२/०५/१५)*
*(पहिलो संशोधन मितिः २०८२/०८/१९ )*

**प्रस्तावना:** च्याउ तथा महको उत्पादन र उत्पादकत्व वृद्धिका लागि व्यावसायिक च्याउ खेती तथा मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि फर्म/कम्पनीले प्रस्ताव पेस गर्न सक्नेछन्।

(२) कार्यक्रम सञ्चालनबाट स्थापना तथा विस्तार हुने व्यावसायिक फार्मको आकार देहाय अनुसार हुनुपर्नेछ।

(क) च्याउ खेतीः कम्तीमा १००० वर्गफिट क्षेत्रफलमा डोम हाउस निर्माण गरी कन्ये वा गोब्रे च्याउको नियमित उत्पादन गर्नु पर्नेछ। सिताके च्याउको लागि कम्तीमा ३०० मुढामा च्याउ उत्पादन गर्नु पर्नेछ।

(ख) मौरीपालनः

(अ) मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि छनोट भएका आवेदकहरुलाई बढीमा १० वटा गोलासहितको मौरीघार र अन्य खाली घार गरी बढीमा ५० घारका लागि अनुदान सहयोग गर्न सकिनेछ।

(आ) खाली मौरी घारमा कृषि प्राविधिकको सल्लाह बमोजिम गोला व्यवस्थापन अनुदानग्राही स्वयम्ले गर्नुपर्नेछ।

(इ) गोलासहितको मौरीघार बिक्री वितरण गर्ने मौरीपालन व्यवसायीलाई यस कार्यक्रममा समावेश गरिने छैन।

(ई) कार्यक्रममा सहभागी हुन आवेदकले मौरीपालन सम्बन्धी तालिम प्राप्त गरेको प्रमाण अनिवार्य पेस गर्नुपर्नेछ।

**२. आर्थिक पक्षः**

(१) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(अ) मौरीपालनको लागि गोला सहितको घार, खाली घार, मौरीपालनको लागि अन्य आवश्यक सामाग्री जस्तै टोपी, पञ्जा, धुवादानी, आधारचाका, फ्रेम, पोसाक, स्टयाण्ड आदि।

(आ) च्याउ खेतीको लागि प्लाष्टिक घर निर्माण, पानी छर्ने स्प्रेयर तथा उत्पादनका सामाग्रीहरु जस्तै बल बनाउने प्लाष्टिक थैला, च्याउको बीउ आदि।

(इ) मह काढ्ने यन्त्र (Honey Extractor), मह प्रशोधन यन्त्र (Honey Processing Machine), प्याकिङ तथा प्याकेजिङका सामाग्रीहरु आदि।

(ई) च्याउको लागि पराल बफाउने मेसिन/विद्युतीय बोइलर, पराल काट्ने मेसिन।

©(२) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी कार्यक्रम सहजीकरणको लागि अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

**३. मूल्याङ्कनका आधारहरुः**

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **अङ्कभार** |
|---|---|---|
| **१** | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)** | **२०** |
| (क) | व्यवसायको न्यूनतम आकारका लागि (कन्ये/गोब्रे च्याउ- १००० वर्गफिट क्षेत्रफलको डोम हाउस भित्र खेती वा सिताके च्याउ- ३०० मुढामा खेती वा मौरीपालन- ५० आधुनिक घारमा) १५ अङ्क र थप क्षेत्रफल/मुढा/घारका लागि न्यूनतम आकारमा प्रति १० प्रतिशतले वृद्धि गरेमा १ अङ्कका दरले थप गरी अधिकतम २५ अङ्कसम्म प्रदान गर्ने | |
| **२** | **अनुभव तथा तालिम** | **१५** |
| (क) | सम्बन्धित व्यवसायमा तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्दै आएको | १५ |
| (ख) | तालिम लिएको तर व्यवसाय सञ्चालन नगरेको र घरायसी उपभोगको लागि मात्र मौरी पालन/च्याउ खेती गरेको। | १० |
| **३** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१५** |
| (क) | एकाघरको बाहेक अन्य २ वा २ जना भन्दा बढीलाई रोजगारी दिने | १५ |
| (ख) | एकाघरको बाहेक अन्य १ जनालाई रोजगारी दिने | १० |
| (ग) | स्वरोजगार हुने | ७ |
| **४** | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१०** |
| (क) | कुल लागतको ५० प्रतिशत मात्र लागत साझेदारी भएमा ५ अङ्क प्रदान गर्ने र थप लागत साझेदारीको गर्दा प्रति ५ प्रतिशतको लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्क प्रदान गर्ने। | १० |
| **५** | **व्यवसायको लागि अनुकूल वातावरण** | **१०** |
| (क) | मौरीको लागि प्रयाप्त चरन क्षेत्र/च्याउको लागि आवश्यक उत्पादन सामाग्री (मुढा/पराल) व्यवस्थापन भएको | १० |
| (ख) | चरन क्षेत्र व्यवस्थापन गर्न सकिने/ उत्पादन सामाग्री व्यवस्थापन गर्न सकिने | ५ |



© पहिलो संशोधनद्वारा थप

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| ६ | **अनुदानको अवस्था** | **२०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | २० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको । | ५ |
| ७ | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजारीकरण लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

४. <u>निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः</u>

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. <u>संशोधनः</u>** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।